# हाम्रो पिँढीले के मात्र भोगेन

- *कपिल लोहनी* *

आज हामी एक नितान्त नौलो विषय वारे चर्चा गर्नेछौं । खासगरी विक्रम सम्वत २००० भन्दा केही अघि देखि आजसम्मका हामी नेपालीहरुले राम्रा नराम्रा धेरै प्रकारका अनुभवहरु बटुलिरहेका छौँ । राणाशासन यानी चन्द्र शमशेरको निरंकुश शासनको समयसम्म पनि नेपालमा खासै कुनै प्रकारका खवर खावर हुँदैनथे भने उनको शासनको अन्ततिर देखि भने विस्तारै राजनैतिक सरगर्मी शुरु हुन थालेको हो । शहिद शुक्रराज शास्त्रीका पिता माधवराज जोशी, कृष्णप्रसाद कोइराला तथा केही साहित्यकारहरु समेतले विस्तारै जनजागरणका कुराहरु उछाल्न शुरु गरेका थिए । त्यस्तै जुद्धशमशेर प्रधानमन्त्री छँदा १९९० सालमा महाभूकम्प गएर नेपालमा निकै धेरै धनजनको क्षति हुन पुग्यो भने त्यसको सात वर्ष पछि नै यिनै जुद्धशमशेरको आदेशमा प्रजापरिषदका चारजना आँटिला, जागरुक र देशभक्त नेपालीहरुलाई मृत्युदण्ड दिनुका साथै धेरै जनालाई चरम यातनाका साथ जनम कैद र देश निकालाको सजाय भयो र प्रजातन्त्रको लागि शुरु भएको जनलहर केही समयको लागि साम्य हुन पुग्यो । तर बाहिरबाट साम्य भएको, निमिट्यान्न भएको देखिए पनि भित्र भित्र यो घटना पश्चात भुसको आगो झन् झन् सल्कँदै गएको थियो । विस्तारै शिक्षित नारीहरु समेत आन्दोलित हुँदै गएका थिए । विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी आदिले भारतमा नै बसेर राजनैतिक पार्टी खोलिसकेका थिए । त्यस्तै काठमाडौँमा पनि विभिन्न संघ संस्थाका नाममा राजनैतिक कार्यक्रमहरुको आयोजना हुन थालिसकेको थियो । र आखिर २००७ सालमा १०४ वर्षे राणाशाषनको पतन पनि भयो । तर विडम्बना के भयो भने श्री ३ मोहनशमशेर हटेर श्री मोहनशमशेर नै प्रधानमन्त्री भए । जनतालाई नयाँ युगको आगमन भएको आभास भएको भएता पनि राजनैतिक रुपले एउटा खाले श्री ३ सामन्त हटेर उनकै नातेदार श्री ५ सामन्तको हातमा मुलुकको बागडोर पुगेको थियो । त्यसैले न त जुद्धशमशेर जस्तो क्रुर शासक, जसले शहिदहरुलाई मृत्युदण्ड दिनुका साथै धेरै मानिसहरुलाई जेल नेलको सजाय दिएर कतिलाई कारागारमा नै सास्ती दिएर मारे, त्यस्तालाई भारतबाट झिकाएर कठघरामा उभ्याउन सकियो, न मोहनशमशेर जस्ता क्रुर शासक र उनका सहयोगीहरुलाई नै कुनै कार्वाही भयो । वरु यिनीहरु नै सेना, प्रशासन र भारदारीतन्त्रमा हावी भएर निकै समयसम्म बस्न सफल भए र आज पनि ठुलै संख्यामा छन् ।

२००७ सालमा नेपाल बाहिरी दुनियासँग खुला भएको भएता पनि राजनैतिक अस्थिरता र त्यतिबेला देखि नै अनावश्यक भारतीय हस्तक्षेप र असमान सन्धिहरुको बन्दी भएका कारण मुलुक अस्थिरता तिर नै ढल्किरह्यो । दुई सशक्त युवाहरु राजा महेन्द्र र प्रधानमन्त्री विश्वेश्वरको एक अर्का प्रतिको अविश्वास, घृणा र आआफ्ना दम्भले गर्दा नेपालले कहिल्यै उँभो लाग्ने अवसर पाएन । विपि एक विद्वान, अध्ययनशिल, अनुभवी, चतुर, राष्ट्रवादी, सुकुमार व्यक्ति भएर पनि उनले वास्तवमा जीवनमा कहिल्यै सुख र शान्ति पाएनन् भने महेन्द्र पनि कुशल शासक, राष्ट्रवादी र राजनीतिलाई राम्ररी बुझेका राजा भए पनि उनी पनि वास्तवमा सुखी र खुशी कहिल्यै भएनन् । कहिलेकाहीँ सोच्दै जाँदा यी दुई बिच मधुर सम्बन्ध भइदिएको भए आज नेपाल राष्ट्र कति अघि बढी सक्थ्यो जस्तो लाग्छ ।

राजा वीरेन्द्र र उनका भाईहरुलाई पनि महेन्द्रले राम्रा विद्यालयमा नै पढाएका हुन् भने उनिहरु युवा छँदा नै देश दर्शनको लागि हिमाल, पहाड, तराई सबै तिर बेला बेलामा घुम्न पठाएका पनि हुन् । त्यसैले पनि

होला वीरेन्द्रमा देश विकासको ठुलो चाहना र सपना उब्जेको । वास्तवमा शक्तिको उचित सदुपयोग गर्न नजान्ने र नसक्ने मानिस शक्तिशाली हुँदैन, बरु उसको शक्तिको दुरुपयोग अन्य वरिपरिकाले गर्दछन् । राजा वीरेन्द्रको हकमा पनि त्यस्तै हुन गयो । उनको शालिनता र भद्रपनाको फाइदा सबैभन्दा बढी रानी ऐश्वर्यले उठाइन् । फलस्वरुप २०३६ देखि २०४६ सालसम्म वीरेन्द्र दरवारियाको पञ्जामा नराम्ररी जकडिएर उनका कुकृत्यका कारण बदनामीका भागिदार मात्र भएर बस्नु पऱ्यो । तर २०४७ सालमा साँच्चैका सम्बैधानिक राजा भएपछि भने उनले केही समय चैनसँग बस्न पाएका हुन, तैपनि विकास हुन नसकेको सन्तापले भने उनलाई पोलि नै रहन्थ्यो । त्यस्ता सोझा, हँसिला, सुकुमार, बुद्धिमान र इज्जतिला राजाको समेत निर्मम हत्या भएको हाम्रै पिँढीले देख्नुपऱ्यो । उनका दुई मात्र भुल मेरो विचारमा एउटा विश्वेश्वरप्रसाद कोइराला र अन्य पुराना नेताहरुलाई पछि सम्म थुनेर राख्नु र आफुसँग भएको शक्तिको सदुपयोग गर्न नसक्नु नै हुन् । भन्ने नै हो भने वीरेन्द्र आजका वेल्जियम जस्ता विकसित र विवेकी भारदार तथा जनताहरु भएको राष्ट्रमा राजा हुनु पर्नेमा षडयन्त्र, लोभ, लालच र घृणा बोकेका मानिसहरुले वरीपरीबाट घेरिएर बस्न वाध्य हुनु परेकोले नै उनको निकै दुखद अन्त हुन पुग्यो ।

पञ्चायती व्यवस्था हटाउने आन्दोलन देखि केही वर्ष अघिसम्म पनि हाम्रो देशमा बन्द र हडताल जारी नै थियो । हाम्रो कलेज तथा विश्वविद्यालय शिक्षा यस्तै बन्द र हडतालले गर्दा निकै प्रभावित भयो । दुई वा तिन वर्षमा सकिनुपर्ने नियमित सत्रहरु चार-पाँच वर्षसम्म पनि धकेलिए भने पछि पछि त शिक्षाको स्तर नै घट्दै गयो । हुँदाखाँदाहरुले आफ्ना छोराछोरीलाई भारत, अन्य छिमेकी राष्ट्रहरु र अमेरिका, बेलायत पनि पठाए पढाईका लागि भने मध्यम र तल्ला वर्गका अधिकांश विद्यार्थी यहीँको शिक्षामा आश्रीत भए । तर विद्यार्थी राजनीतिमा होमिएका कैयन्लाई भने मुलुकको त्यस्तो स्थितिले निकै फाइदा पुग्न गयो । आज देश हाँक्ने अधिकांश युवा नेताहरु त्यही परिस्थितिका विद्यार्थीहरु नै हुन् ।

सानातिना भूकम्पनहरु भइ नै रहने हाम्रो मुलुकमा १९९० सालमा महाभूकम्प नै गयो भने २०१८ र २०४५ सालमा पनि मध्यम खाले भूकम्प गएकै हो । तर हाम्रै समयमा हामीले २०७२ सालको भयङ्कर महाभूकम्प पनि देख्यौं । धरहरा देखि उपत्यकाका तिनै शहरका मठ, मन्दिर र पुराना दरवारहरु भत्किएका, गोर्खाको वारपाक गाउँ पुरै मैदान भएको, लमजुङमा पुरै गाउँ पहिरोमा परेको, नुवाकोट, दोलखा, सिन्धुपाल्चोक र कैयन् अन्य ठाउँहरुमा पहाड र पहरा समेत फुटेका र हजारौं मानिसहरु पुरिएर मरेका दृश्यहरु पनि देख्यौं । धनीहरु मर्ने डरले पाल टाँगेर सुतेका, पार्टी प्यालेसमा बसेका, जीवन के रहेछ र भनेर अब लोभ, लालच र खुराफातमा नलाग्ने प्रण सबैले गरेका आदि, इत्यादी सबै देख्यौं । तर इश्वरले दिएको छिटो बिर्सने गुणलाई आत्मसात गरेर हामी सबै फेरी पुरानै लयमा फर्किसक्यौं, हाय पैसा भनेर हिँड्न थालिसक्यौं । १९९० सालमा भूकम्पले पुऱ्याएको क्षतिको विवरण आम जनतामा ढिलो पुग्थ्यो तर २०७२ सालमा विद्युतीय सञ्चारले ठुलो फड्को मारिसकेकोले तुरन्ता तुरन्तै खवरहरु पाइने भएकोले पनि झनै डर र त्रासको स्थिति बढ्यो । आज पाँच वर्ष भइसक्दा पनि अझै धेरै जिर्ण तथा भत्किएका संरचनाहरु बनिसकेका छैनन् र जे जति पनि बने, तिनको निर्माणको क्रममा धेरै पात्रहरु पनि धनी बन्दैछन् ।

कुनैबेला नेपाल कत्ति शान्त मुलुक थियो । जनसंख्या, गाउँ-शहर, इच्छा, चाहना तथा सपना सबै सानै हुन्थ्यो । तैपनि हामी सुखी थियौं, हाँसी खुशी नै बसेका थियौं । हावापानी देखि सागसब्जी र सबै खाद्य पदार्थ स्वच्छ हुन्थे, चाडपर्वहरु आउनु अघि देखि नै कति खुशियाली छाउँथ्यो, सबै धर्म, संस्कृति र वर्गका मानिसहरु मिलेर नै बस्दथ्यौं । मनोरञ्जनका साधन थोरै भएपनि रमाइलो नै वातावरण हुन्थ्यो त्यतिबेला

। तर आज आएर हरेक दिन दंगा, फसाद, कोलाहल, भिडभाड र विषादीयुक्त खानपिनका साधन सेवन गरेर हामी बाँच्न वाध्य छौं । हरेक वर्ष विभिन्न खाले खतरनाक रोगव्याधीबाट आक्रान्त भएर ज्यान गुमाउनेहरुको संख्या वढ्दो छ । खुला ठाउँ भनेको कतै छैन । नेपाल मात्र होइन, पुरै विश्वको हाल यस्तै छ । उद्योगधन्दाले गर्दा प्रदुषण बढ्दै छ भने हरिया वनजंगल मासिँदै गएकाले पनि वातावरण झन्झन् बिग्रँदै गएको छ । विश्वबाट कैयन् थरिका पशु, पंक्षी, किराहरु र वोट, विरुवा लोप हुँदै गएका छन् । सायद मानवजातीले यस्तै अति गरेकोले नै प्रकृतिले कोरोना जस्तो भाइरसको उत्पत्ति गराएर मानवजातीलाई मात्र विरामी र आक्रान्त बनाउन थालेको होला । अचम्म त कहाँ निर छ भने, जुन जुन देशले औद्योगिकरण र अन्य वहानामा वातावरण तहस नहस पारेका छन् र जहाँ जहाँ अनुशाषनको चरम धज्जी उडाइन्छ, तिनै देशमा कोरोनाको बिगबिगी बढी छ । विश्वलाई नै झस्काई दिएको र किम्कर्तव्यविमुढ बनाई दिएको यो कोरोनाको महामारी पनि हाम्रै पिँढीले भोग्नु परेको छ ।

आम जनतालाई समृद्ध बनाउने, जनतालाई शक्तिशाली बनाउने, सामन्तीहरुको दोलो फर्काउने, नयाँ नेपाल बनाउने जस्ता असंख्य राम्रा र लोभ लाग्दा कुराहरु सुनाएर एक दशक भन्दा बढी समयसम्म जनयुद्ध लडेको पार्टीको नेतृत्व पक्ष पनि आज अन्य पार्टी झैं नव-सामन्ती, नव-धनाढ्य र सुकिला मुकिला भएर निर्लज्ज भएर छाउन थालेका छन् । बिचरा लडाकुहरु र राजतन्त्र मात्र वाल्ल परेर राजनैतिक खेलबाट बाहिरिन वाध्य भएका छन् । पैसा पाए जे पनि गर्न दिने, नेपाल आमालाई छिया छिया पार्ने, धर्म र संस्कृतिमा विदेशीले खेलवाड गर्दा पनि हाँसेर हेरिरहने, स्वदेशीलाई अनेक बहानामा नागरिकता नदिने तर विदेशीले विहे गरेकै भरमा नागरिकता पाउनु पर्ने, लाखौं लाखलाई नागरिकता बाँडेर नेपालीपनको अस्तित्व नै सखाप पार्ने, संसदमा नै अराष्ट्रिय मुद्दाहरुको समर्थनमा खुलेआम बोल्ने, यी सब कुराहरु हाम्रै पिँढीले मुकदर्शक भएर हेर्नुपरेको छ ।

हामी साना छँदा देखि नै भ्रष्टाचारका कुरा सुन्दै आएका हौं । त्यतिबेला पनि भ्रष्टाचार र तस्करीका कैयन् काण्डहरु वारेका खवरहरु हामी सुनिरहन्थ्यौं । तर जति जति मुलुकमा आर्थिक गतिविधि बढ्दै गएको छ र जति जति लोकतन्त्र प्राप्ति हुँदै गएको छ, यो भ्रष्टाचार र तस्करीका किस्साहरु पनि झन् झन् वृहत रुपमा सुन्नु परिरहेको छ । मुलुकमा हुने विकास कार्यको त कुरै छोडौं, हरेक संकट, आपत र विपद व्यवस्थापन गर्दा समेत खरवौं रुपैयाँको भ्रष्टाचार, अनियमितता र तस्करी हुने गरेको छ । र त्यो भन्दा पनि ठुलो अचम्म त केमा छ भने, त्यस्ता कुरामा मुछिएका कुनै पनि व्यक्तिलाई कुनै प्रकारको सजाय भएको सुनिएको छैन । केही नेताहरुलाई मुलुकको पिता बन्ने र राजनेता बन्ने सौभाग्य पनि प्राप्त भएको थियो तर उनिहरुले पनि द्रव्य संकलन गर्ने बाटो नै रोजे । यी सब आश्चर्यहरु हाम्रै पिँढीले सबैभन्दा बढी देख्नु र भोग्नु परेको अवस्था छ ।

भुपरिवेष्ठित मुलुकहरुको लागि आफ्ना छिमेकीहरुसँगको सम्बन्धले निकै प्रभाव पार्दछ । युरोपको स्विट्जरल्याण्ड जस्तो भुपरिवेष्ठित मुलुकका छिमेकी राष्ट्रहरु समझदार र सहयोगी भएकाले उ निकै भाग्यमानी छ । तर नेपालको उत्तरी छिमेकी हिमाल पारी भएकाले भौगोलिक हिसाबले अझै पनि निकै विकट र टाढा छ भने उसका मुख्य औद्योगिक शहरहरु र वस्तीहरु पनि हामीबाट निकै टाढा पर्दछन् । यसो हुनाले उसँगको व्यापारिक सम्बन्ध राम्रोसँग नफस्टाइ सकेकोले उसको व्यवहार हामीसँग कस्तो हुन्छ भन्ने कुरा पनि हामीले यकिन गरिहाल्न कठिन छ अहिले । तर दक्षिणी छिमेकीसँग भने धर्म, संस्कृति र भौगोलिक रुपले पनि हामी निकै नजिक भए पनि उसको हेपाहा प्रवृत्ति, अतिक्रमणकारी नीति र

राजनैतिक हस्तक्षेपबाट नेपाल बेला बेलामा अति नै पिडित हुनजान्छ । हाम्रै पिँढीले भारतका कैयन् नाकावन्दीहरु खेपेर निकै धेरै दुख कष्ट झेलिसकेको छ ।

सबै कुरा नराम्रो मात्रै भएको पनि होइन । पहिले हेरेर आज नेपालका जनता निकै सचेत, शिक्षित, बुद्धिमान र समृद्ध पनि भएका छन् । देशका प्रायजसो ठाउँहरुमा शिक्षा, स्वास्थ्य, यातायात, विद्युत, सञ्चार जस्ता विकासका आधारभूत कडीहरु पुगिसकेका छन् भने बस्नलाई राजधानी नै ताकेर बस्नु पर्ने वाध्यता पनि छैन । तर वेला वेलाका प्राकृतिक र मानवीय प्रकोप र समस्याहरुले हामी नेपालीहरुलाई निकै पिरोलिरहने गरेको हुँदा हाम्रो मन मस्तिस्कले स्फुर्त भएर काम गर्न पाएकै छैन । आउँदा दिनहरु राम्रा हुँदै जाउन् भन्ने कामना गर्न वाहेक हामीले अरु केहि गर्न सक्दैनौँ । महाभूकम्प, वाढी-पहिरो, बन्द-हडताल, गृहयुद्ध, राजनैतिक व्यवस्थाको अदली बदली देखि हाम्रा प्यारा राजाको हत्या, राजतन्त्रको अन्त, धर्म र संस्कृति माथि स्वदेशी र विदेशीको प्रहार, छिमेकी राष्ट्रको वारम्वारको नाकावन्दी, विभिन्न रोगव्याधी तथा हालको कोरोनाको डरलाग्दो विश्वव्यापी संक्रमण देखेका हाम्रा पिँढीलाई मुलुकमा अस्थिरता छाएर, नेतृत्व तहका व्यक्तिहरुको मन-मष्तिस्क बिग्रेर र लोभ लालचले गर्दा कहीँ मुलुक नै विक्री गर्ने कार्य भएर हामीलाई अर्को ठुलो बज्रपात नपरोस् । अरु जे जस्ता दुख कष्ट सहन परे पनि सँधै नेपाली भएर शिर ठाडो पार्न पाइयोस् । यही छ मनोकामना ।

* *लेखक विकास अर्थशास्त्री र पुर्वबैंकर तथा नेपाल एकल व्यक्तित्व समाजका अध्यक्ष समेत हुन् ।*

*२०७७ साल साउन २९ गते*